कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८३/०८४(उद्योग सहकारी तथा उपभोक्ता हित संरक्षण उपशाखा)
च.नं.:

## निष्क्रिय सहकारी संस्थाहरूको दर्ता खारेजी प्रक्रिया सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशन मितिः २०८३/०५/१५)

यस कोहलपुर नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र दर्ता भई सञ्चालनमा रहेका तपशिल बमोजिमका सहकारी संस्थाहरू विगत लामो समयदेखि निष्क्रिय रहेको, नियमित रूपमा साधारण सभा नगरेको, वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन तथा अन्य तोकिएका विवरणहरू यस कार्यालयमा पेश नगरेको र संस्थाको कार्यालय समेत सञ्चालनमा नरहेको पाइएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा **कोहलपुर नगरपालिका सहकारी ऐन २०७४ को दफा ६६ (३) र संघीय सहकारी ऐन, २०७४ को दफा ८८ (३)** को व्यवस्था बमोजिम लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्क्रिय रहेको वा कानुन बमोजिम बुझाउनु पर्ने विवरणहरू नबुझाउने सहकारी संस्थाहरूलाई दर्ता खारेज गर्न सकिने कानुनी प्रावधान रहेको छ।

अतः यस कार्यालयबाट पटक-पटक ताकेता गर्दा र सम्पर्क गर्न खोज्दा समेत सम्पर्कमा नआएका तपशिलका सहकारी संस्थाहरूलाई यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस) दिनभित्र** देहायका कागजातहरू सहित यस नगरपालिकाको सहकारी शाखामा उपस्थित भई संस्था अद्यावधिक गर्न/गराउन यो अन्तिम मौका प्रदान गरिएको छ।

तोकिएको म्यादभित्र आवश्यक कानुनी प्रक्रिया पुरा गरी संस्था अद्यावधिक नगराएमा **सहकारी ऐन, २०७४** बमोजिम उल्लेखित सहकारी संस्थाहरूको **दर्ता खारेजी (विघटन) प्रक्रिया** अगाडि बढाइने व्यहोरा सम्बन्धित सञ्चालक, सेयर सदस्य तथा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तोकिएको अवधिभित्र संस्था अद्यावधिक नभई दर्ता खारेज भएमा संस्थाको चल-अचल सम्पत्ति, जायजेथा, दायित्व तथा बचतकर्ताहरूको बचत फिर्ता सम्बन्धी सम्पूर्ण जिम्मेवारी प्रचलित कानुन बमोजिम संस्थाका तत्कालीन सञ्चालक समिति र व्यवस्थापकको हुनेछ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

info@kohalpurmun.gov.np, iccp@kohalpurmun.gov.np ☎ +९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np www.facebook.com/kohalpurmun www.twitter.com/kohalpurmun

कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८३/०८४(उद्योग सहकारी तथा उपभोक्ता हित संरक्षण शाखा)
च.नं.:

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल स्थापना : २०७२

तपसिल

| क्र.स. | सहकारी संस्थाको नाम | COPOMIS मा उल्लेखित ठेगाना |
|---|---|---|
| १. | सफल पशुपंक्षी सहकारी संस्था लि. | कोहलपुर -११ बाँके |
| २. | हाम्रो गौरव कृषि सहकारी संस्था लि. | कोहलपुर -०९ बाँके |
| ३. | चौतारी महिला कृषि सहकारी संस्था लि. | कोहलपुर -०४ बाँके |
| ४. | जुनतारा सशक्तीकरण कृषि सहकारी संस्था लि. | कोहलपुर -१४ बाँके |
| ५. | जनक शिक्षा कृषि सहकारी संस्था लि. | कोहलपुर -१० बाँके |
| ६. | जय ठाकुरबाबा कृषि सहकारी संस्था लि. | कोहलपुर -१० बाँके |
| ७. | कौशिलानगर कृषि सहकारी संस्था लि. | कोहलपुर -०१ बाँके |
| ८. | कनका सुन्दरी बहुउदेश्यीय सहकारी संस्था लि. | कोहलपुर -०१ बाँके |
| ९. | जुनी कृषि सहकारी संस्था लि. | कोहलपुर -०२ बाँके |
| १०. | नव किसान कृषि सहकारी संस्था लि. | कोहलपुर -०३ बाँके |
| ११. | फुलबारी कृषि सहकारी संस्था लि. | कोहलपुर -११ बाँके |
| १२. | मिलिजुली महिला बचत तथा ऋण सहकारी संस्था लि. | कोहलपुर -१० बाँके |
| १३. | फुलबारी महिला प्रांगारीक सहकारी संस्था लि. | कोहलपुर -०९ बाँके |

**उपस्थित हुँदा पेश गर्नुपर्ने कागजातहरू:**

१. संस्था अद्यावधिक गर्ने सम्बन्धी सञ्चालक समितिको निर्णय।
२. पछिल्लो आर्थिक वर्षसम्मको स्वीकृत लेखापरीक्षण प्रतिवेदन (Audit Report)।
३. वार्षिक साधारण सभा (AGM) को निर्णयको प्रमाणित प्रतिलिपि।
४. आन्तरिक राजस्व कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र (Tax Clearance)।

अग्निप्रसाद आचार्य
प्रशासकीय अधिकृत

अग्नि प्रसाद आचार्य
प्रशासकीय अधिकृत

मानबहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, iccp@kohalpurmun.gov.np
+९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
www.twitter.com/kohalpurmun